सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

# सुरुङ्गा नगरपालिकाको आन्तरिक आय ठेक्का सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८३/०२/०१)

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन,२०७४ मा व्यवस्था भए बमोजिम यस नगरपालिका अन्तर्गतको वडा न. ०४ मधुपट्टि गाँउ अन्तर्गत गोली देवी चौधरीको जग्गा भन्दा उत्तर चना चौधरीको जग्गा भन्दा पश्चिम भलुवाही नदी जोडिने सार्वजनिक कच्ची बाटो देखि पूर्व र भलवाही नदी देखी दक्षिण चारकिल्ला क्षेत्र भित्र अन्दाजी क्षेत्रफल ०-१५-० कठ्ठा सार्वजनिक जग्गामा रहेको आँप बगैंचामा कृषि प्राविधिकको प्रतिवेदन अनुसार जम्मा ३० वटा बोहरु मध्येबाट जम्मा १२ वटा रुखहरुमा यस वर्ष फल अन्दाजी १५०० वटा रहेको जसबाट अन्दाजी ३७५ के.जी. आँप हुन आउने हुदा सो आँपको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहि ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले तोकिएको अवधिभित्र रित पूर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तोकिए बमोजिमको दरभाउ पत्र फाराम दस्तुर रु. १०००/- एक हजार मात्र (पछि फिर्ता नहुने गरि) बुझाई सूचना प्रकाशित मितिले ७ औ दिन (मिति २०८३/०२/७ गते सम्म) खरिद गरि मिति २०८३/०२/०८ औ दिनको १२:०० बजे भित्र अलग अलग शिलबन्दी दरभाउपत्र कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र पेश गर्दा व्यक्ति भए नागरिकताको प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपि,आन्तरिक राजश्व कार्यालयबाट प्राप्त पान वा भ्याट नम्बरको प्रतिलिपी,२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,न.पा.बाट जारी भएको भए व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम एन.एम.वि.बैंक,कदमाह,ससरीमा रहेको सुरुङ्गा नगरपालिकाको धरौटी खाता नं. १०९००७३५२९०००४१ मा जम्मा गरि सो को सक्कलै भौचर शिलबन्दी दरभाउपत्रमा समावेश गर्नुपर्नेछ ।

३. दरभाउ पत्र खोल्दा ठेकेदार वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुनु पर्नेछ । ठेकेदार वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा गर्ने छैन ।

४.कबोल रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

६.ठेक्का अवधि आ.व.२०८२/०८३ को ठेक्का सम्झौता भएको मिति देखी २०८३ असार मसान्त सम्मको लागि हुनेछ ।

७.म्याद नाघि र रित नपुगि प्राप्त शिलबन्दी फारम उपर कुनै कारवाही हुनेछैन ।

८.नगरपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको व्यक्ति वा परिवारको अन्य सदस्यले म्याद भित्र बक्यौता तिरेको प्रमाण पेश गरे पश्चात मात्र ठेक्कामा सहभागी हुन पाउने छ,अन्यथा ठेक्कामा सहभागि हुन पाउने छैन ।

९.गोप्य शिलबन्दी दरभाउपत्र स्वीकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको रकम एकमुष्ठ नगद वा बैंकमा जम्मा गरेको सक्कल भौचर पेश गरि चलान पुर्जी लिन पर्नेछ ।

१०.ठेक्का सम्झौता बन्द,हडताल,चक्का जाम जस्ता कारण देखाई ठेक्का कर छुट वा मिनाहाको लागि दिइने निवेदन उपर कुनै कारवाही हुने छैन र छुट वा मिनाहा हुने छैन ।

Email: surungamun@gmail.com
www.surungamun.gov.np

# सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल


११.नेपाल सरकार र नगरपालिकाले बेला बेलामा दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२..ठेक्का कार्यान्वयनको अवधिभर खानेपनि,सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठेकेदारले ब्यहोर्नु पर्नेछ ।

१३.उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१४.अन्य जानकारिका लागि सुरुङ्गा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

१५. शिलबन्दी दरभाउ पत्र खोलिने मिति,स्थानर समय :-

- मिति :-२०८३/०२/०८ शुक्रवार
- स्थान :- सुरुङ्गा नगरपालिकाको कार्यालय
- समय :- दिनको २ बजे
- न्यूनतम अक रु १५०००/-(पन्ध्र हजार मात्र)

Email: surungamun@gmail.com
www.surungamun.gov.np